NIC ASIA CAPITAL

idea to iPO
Connecting the dots...

# प्रेस विज्ञप्ति

**पौष ०३, २०८२**

**“विश्व लगानीकर्ता सप्ताह, २०२५” को अवसरमा एन आई सी एशिया क्यापिटलले एकै पटक तीन वटा स्थानमा लगानीकर्ता सचेतना तथा वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम सम्पन्न गरेको छ।**

(१) सेजोङ कोरियन भाषा इन्स्टीच्युट सल्लेरी, सोलुखुम्बु :




(२) सोलुखुम्बु बहुमुखी क्याम्पस सल्लेरी, सोलुखुम्बु :




१ नेपाली एक DEMAT

मेरो लगानी, मेरो भविष्य

(३) सहिद बहुमुखी क्याम्पस रामपुर, पाल्पा :




एन आइ सी एशिया क्यापिटल लिमिटेडले आफ्नो स्थापना कालदेखि नै संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न कार्यक्रमहरु संचालन गरिरहेको छ । सोही कार्यलाई निरन्तरता दिने क्रममा विश्व लगानीकर्ता सप्ताह, २०२५ को अवसरमा विद्यार्थी तथा विभिन्न पेशामा आवद्ध व्यक्तित्वहरु र सर्वसाधारणहरुलाई लक्षित गरी निम्न स्थानहरुमा एकैसाथ लगानीकर्ता सचेतना तथा वित्तीय साक्षरताका साथै अन्तरक्रिया कार्यक्रम सम्पन्न गर्न सफल भएको छ ।

**लगानीकर्ता सचेतना तथा वित्तीय साक्षरता अन्तरक्रिय कार्यक्रम सम्पन्न सम्बन्धी विवरण :**

| क्र.सं. | सम्पन्न मिति/समय | स्थान | लक्षित वर्ग | सहभागिहरुको संख्या |
|---|---|---|---|---|
| १ | २०८२/०९/०१ (बिहान ६:३०-९:०० बजेसम्म) | सेजोङ कोरियन भाषा इन्स्टीच्युट, कोसी प्रदेश, सल्लेरी, सोलुखुम्बु । | विभिन्न पेशामा आवद्ध व्यक्ति तथा आम सर्वसाधारणहरु । | ९०+ |
| २ | २०८२/०९/०१ (बिहान ११:३०-२:०० बजेसम्म) | सोलुखुम्बु बहुमुखी क्याम्पस, कोसी प्रदेश, सल्लेरी, सोलुखुम्बु । | क्याम्पसमा अध्यनरत विद्यार्थी तथा क्याम्पसमा कार्यरत कर्मचारीहरु । | ११०+ |
| ३ | २०८२/०९/०२ (बिहान ८:३०-२:०० बजेसम्म) | सहिद बहुमुखी क्याम्पस, लुम्बीनी प्रदेश, रामपुर, पाल्पा । | क्याम्पसमा अध्यनरत विद्यार्थी तथा क्याम्पसमा कार्यरत कर्मचारीहरु । | १५०+ |

उक्त कार्यक्रममा नेपालमा धितोपत्र बजारको विकास र विस्तार, डिम्याट खाता, ब्रोकर खाता तथा मेरो शेयर खोल्दा आवश्यक पर्ने कागजात र खाता खोल्ने प्रकृयाका साथै प्राथमिक शेयर निष्काशनको समयमा शेयर खरिद आवेदन गर्दा ध्यान दिनुपर्ने कुराहरु र विधिको सम्बन्धमा विस्तृत रुपमा जानकारी गराईको थियो । त्यसैगरी धितोपत्रको दोश्रो बजार, मुद्रा बजार उपकरणहरु, सामूहिक लगानी कोष, एसआइपी, दोश्रो बजारमा सूचिकृत कम्पनीहरुमा लगानी गर्दा कहिले कसरी लगानी गर्न सकिन्छ तथा लगानी सम्बन्धी निर्णय लिँदा विशेष ध्यान दिनुपर्ने कुराहरु लगायत समग्र पूँजी बजारको पछिल्लो अवस्थाको सम्बन्धमा विस्तृत जानकारी गराई सोही सम्बन्धमा छलफल तथा अन्तरक्रिया समेत गरिएको थियो । उक्त तीन वटा कार्यक्रम बाट प्रत्यक्ष रुपमा ३५० जना भन्दा बढी सहभागिहरुलाई वित्तीय साक्षरता सम्बन्धी ज्ञान प्रदान गर्न सफल भएका छौं ।

Ramendra

रामेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

NIC ASIA CAPITAL